महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## डोल्पा वुद्ध गाउँपालिका

डोल्पा





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## डोल्पा वुद्ध गाउँपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## डोल्पा वुद्ध गाउँपालिका

डोल्पा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १०५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू
डोल्पो बुद्ध गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले श्रे डोल्पो बुद्ध गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड २७ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई रु.३ करोड ११ लाख ३३ हजार हटाई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ लाख १ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ५० हजार र पेश्की रू.शुन्य रहेको छ । पालिकाको गतवर्ष सम्म रु.७ करोड ८० लाख १ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ९६ लाख १७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,

लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( )

नायब महालेखापरीक्षक

डोल्पो बुद्ध गाउँपालिका, डोल्पा

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३१ | २५ | ३२७४८ | ० | ७ | ३११३३ | ३१ | १८ | १६१६ | ३६५ | ६५० | ६०१ | ० | ० | १२५१ | ० |

## १.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ८ | क्रिष्टल माउन्टेन आ विको बाँकी प्रमाण पेश | ४०० |
| २ | ८ | सिद्धार्थ कुला आ विको बाँकी प्रमाण पेश | ३५० |
| ३ | १० | भिमसेन वि क को कर छुट असुल दाखिला | १२ |
| ४ | ११ | छुट कर दाखिला प्रमाण पेश | ५२८ |
| ५ | १६ | क्रिष्टल माउन्टेन आ विको कर छुट दाखिला प्रमाण पेश | ५ |
| ६ | १६ | सिद्धार्थ कुला आ विको कर छुट दाखिला प्रमाण पेश | ५ |
| ७ | ३६ | अनुदान फिर्ता प्रमाण पेश | २९८३३ |
| | | **जम्मा** | **३११३३** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पो बुद्ध गाउँपालिका डोल्पा | ७८००१ | ० | ० | ७८००१ | ० | १६१६ | ७९६१७ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : डोल्पा वुद्‌ध गाउँपालिका, डोल्पा , डोल्पो बुद्‌ध गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुरुषोत्तम देवकोटा | २०७८-७-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु वहादुर बुढा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १,६१५,८५८.९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,५४,३३,०७१.४५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १६,४६,९७,७१८ | **चालु खर्च** | १०,०७,७५,७२४.८७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१८,९९,०८२ | **पूँजीगत खर्च** | ११,५७,३३,५७३.३३ |
| **राजश्व बाँडफाँट** | ३,४३,५१,७००.०१ | **वित्तीय/अन्य व्यवस्था** | ४,४८,३१,३६६ |
| **आन्तरिक आय** | ३,३५,८५५ | | |
| **अन्य आय** | ४,७०,१८,६८५ | | |
| **कुल आय** | २६,८३,०३,०४०.०१ | **कुल खर्च** | २६,१३,४०,६६४.२ |
| **बाँकी मौज्दात** | | १२,२३,९५,४४७.२६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ६ वडा, २८ सभा सदस्य, ११८३ वर्ग किलोमिटर क्षेत्रफल तथा २३१२ जना जनसंख्या रहेको छ।<br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथामार्गदर्शनलाई आधार मानी कार्यालयको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक बिवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको हो । सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरु संगमिति २०७९।६।५ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २ | | | **ले प क्रममा असुलीः**<br><br>लेखापरीक्षको क्रममा वेरुजु वापत रु १४९९०८ मिति २०७९।५।१२ मा असुल भई दाखिला भएको छ भने अग्रिम कर वापत रु १४९९७ असुल भई दाखिला भएको छ । | |
| ३ | | | **स्थानीय संचित कोष :** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।०७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ११५४३३०७१.४५ | १ | चालु खर्च | १००७७५७२४.८७ | १००७७५७२४.८७ |
| | क) धरौटि मौज्दात | ९२०५७८.३१ | | २ | पूँजीगत खर्च | ११५७३३५७३.३३ | ११५७३३५७३.३३ |
| | ख) बैंक | ११३५०४७२३.१४ | | ३ | अन्य खर्च | | ४४४९५५११.०० |
| | ग) विपत्त व्यवस्थापन खाता | १००७७७०.०० | | | क) मख्यमन्त्रि रोगजार | २८१८८३९९.०० | |
| २ | राजस्व ( आन्तरिक आय) | | ३४६८७५५५.०१ | | ख) सामाजिक सुरक्षा | १०८५३८७६.०० | |
| | क) आन्तरिक राजस्व | ३३५८५५.०० | | | ग) पूर्वाधार विशेष | २९८८९५६.०० | |
| | ख) राजस्व बाँडफाँड | ३४३५१७००.०१ | | | घ) उद्योग वन तथा पर्यटन | २४६४२८०.०० | |
| | | | | ४ | मौज्दात | | |
| | ग) अन्य कोष खाता | ००.०० | | | बैंक मौज्दात | ८२५७१५७८.०६ | ८२५७१५७८.०६ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | १६४६९७७१८.०० | | धरौटी मौज्दात | ३४४३७५२.३१ | ३४४३७५२.३१ |
| | क) वित्तिय | ७०४००००००.०० | | | विविध | १००७७७०.०० | १००७७७०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समानीकरण अनुदान | | | | खाताको मौज्दात | | |
| | ख) सशर्त अनुदान | ७२२१०४०१.०० | | | आन्तरिक राजश्व खाताको मौज्दात | ३३५८५५.०० | ३३५८५५.०० |
| | ग) समपूरक अनुदान | ४७०००००.०० | | | राजश्व वाडफाड खातामा मौज्दात | ७९६३३७३.८९ | ७९६३३७३.८९ |
| | घ) विशेष अनुदान | १७३८७३१७.०० | | | आन्तरि अनुदान खाता | २७०७३११८.०० | २७०७३११८.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २१८९९०८२.०० | ५ | हिसाब मिलान | ३३५८५५.०० | ३३५८५५.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ३२७७०००.०० | | | | | |
| | ख) सशर्त अनुदान | ६८४५५९७.०० | | | | | |
| | ग) समपुरक अनुदान | ८२९३३४४.०० | | | | | |
| | घ) विशेष अनुदान | ३४८३१४१.०० | | | | | |
| ५ | विषयगत निकायबाट प्राप्त | | ४४४९५५११.०० | | | | |
| | क) मख्यमन्त्रि रोगजार | २८१८८३९९.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सामाजिक सुरक्षा | १०८५३८७६.०० | | | | | |
| | ग) पूर्वाधार विशेष | २९८८९५६.०० | | | | | |
| | घ) उद्योग वन तथा पर्यटन | २४६४२८०.०० | | | | | |
| ६ | धरौटी आय | २५२३१७४.०० | २५२३१७४.०० | | | | |
| | जम्मा | | ३८३७३६१११.४६ | | जम्मा | | ३८३७३६१११.४६ |

४ **राजश्व अभिलेख :**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख

| | | | | |
|---|---|---|---|---|
| | | | नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ । | |
| ५ | | | **राजश्व ठेली फिर्ता नगरेको सम्बन्धमाः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ। वडा सचिवहरु खिम वहादुर खड्का र प्रकाश सापकोटाले आम्दानी रसिद आ.व. २०७८।७९को आन्तरिक राजश्व संकलनको लागि पालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी रसिद न ४३०...४५० सम्मका ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गर्ने ठेली फिर्ता नबुझाउनेलाई जिम्मेबार बनाई छानविन गरी राजस्व रकम यकिनका साथ आम्दानी जनाउनु पर्दछ । | |
| ६ | | | **राजश्व दाखिला :**<br><br>आर्थिक कार्यबिधि तथा वितिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वटा वडा पालिकाबाट प्राप्त गरेको रु. ३३५८५५ राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ७ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा बहाल कर वापत अनुमानित रु. १ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु १५ हजार अर्थात अनुमान भन्दा ८५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ । | |
| ८ | | | **कार्यसम्पन्न नभएको**<br><br>........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.७५००००।- सम्परीक्षण गरिएको ।)* | ० |
| ९ | | | **अनुत्पादक खर्च**<br><br>गाउँ पालिकाले वडा स्तरीय आयोजना छनोट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा छनोट गरी कायान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. ४९९०००।०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी | |

<table>
<tr><td></td><td></td><td></td><td>सिर्जना हुने क्षेत्रमा खर्च गर्नेतर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>सि न</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सम्मान तथा सामाग्री वितरण कार्यक्रम</td><td>ज्याकेट खरिद वितरण</td><td>४९९०००|००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९९०००|००</td></tr>
</table>
यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>भुक्तानीमा कर<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.१२२७१।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>११</td><td></td><td></td><td>कर दाखिला गर्न बाकीः<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.५२७६४३।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३ वटा सामुदायिक विद्यालयहरुमा ११ जना स्थायी शिक्षक रहेकोमा विद्यार्थीको संख्या ४२६ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बढी निकासा –</td><td>७४,९५३</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ (५) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विद्यालयको चौमासिक निकाशा दिदाँ इन्द्रधनुष आवि को माग रु ५१७९२६ भएकोमा रु ५६४५१८ निकाशा भई रु ४६५९२ वढी निकाशा र सिद्धार्थ कूला आवि को रु ५३६३७६ माग भएकोमा रु ५६४७३८ निकाशा भई रु २८३६१ वढी निकाशा गरी माग भन्दा रु. ७४९५३ रकम बढी निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने रु., | |
| १४ | | | **भुक्तानीमा कर** –<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकालेराष्ट्रपति शैक्षिक सुधार कार्यक्रम वापत सिद्धार्थ कूला आवि लाई रु १८००००० र क्रिष्ट्रल माउन्टेन आ वि लाई रु १८००००० भुक्तानी गर्दा भुक्तानीमा नियमानुसार लाग्ने रु. ५४००० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | ५४,००० |
| १५ | | | **समानिकरणबाट विद्यालयलाई अनुदानः**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई आन्तरिक श्रोतबाट रु. ६२४००० तलब भत्ता भुक्तानी गरेको छ । | |
| १६ | ३६ | २०७९-३-२५ | **विलभर्पाई नभएकोः**<br><br>.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को* | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | *निर्णयबाट रु.१०००० ।- सम्परीक्षण गरिएको ।)* | |
| १७ | | | **वढी भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ ।सशर्तको ४५।२०७९।३।२५ बाट प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना कार्यक्रम बापत कार्यक्रमको लागत अनुमान रु २०१६००० मा पालिकाको अनुदान रु १२००००० (६० %) र समूहको अशं रु ८१६००००(४०%) गरी बनेकोमा सोनम हिमालय कृषक समूह लाई उक्त कार्यक्रम वापत रु १९२४४६२ को विल भर्पाई साथ कार्य सम्पन्न गर्दा पालिकाको अंश वापत रु ११९८९३१ भुक्तानी गरेको छ । कार्यक्रम सम्पन्न गरी भुक्तानी दिदा कार्यक्रमको वास्तविक मापदण्ड अनुसार रु ११५४६७७ भुक्तानी दिनुपर्नेमा रु ११९८९३१ भुक्तानी दिएकोले वढी भुक्तानी रकम रु ४४२५४ सम्बन्धित समूहबाट असुल गर्नुपर्ने रु | ४४,२५४ |
| १८ | | | **अनुदानको अनुगमन** –<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ४कृषि तथापशुसेवा सहकारी संस्था र समीतिलाई बीउपूँजी तथा अनुदानमा रु. ३७४००८१ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १९ | | | **राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमः**<br><br>राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद ४ को | ६५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | ९ मा प्रस्ताव पेश गर्ने सस्थाको योग्यताका आधारमा मात्र छनौट भएको संस्थालाई मात्र कार्यक्रम दिनुपर्ने व्यवस्था रहेको छ ।त्यसैगरी परिच्छेद ५ अनुसार कार्यक्रम कार्यान्वयनको अनुगमन तथा १७(२) अनुसार कार्यक्रमको सम्रग अनुगमन तथा मुल्यांकन मन्त्रालय तथा विभागबाट गरी सो को प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले सशर्तको ३९।२०७९।३।२४ बाट राष्ट्रपति महिला उत्थान कार्यक्रम समीतिलाई उक्त अनुदान वापत रु ६५०००० भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी गर्दा समीति दर्ता गरेको प्रमाण उपलब्ध छैन ।गापा अध्यक्ष सहित २० जनाको निर्णय गरी २५ सदस्यीय समिती गठन गरेर कार्यक्रम गरेको छ । उल्लेखित मापदण्ड विपरीत कार्यक्रम सम्पन्न गरेको रकम नियमसम्मत नदेखिएको रु | |
| २० | | | **औषधी खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर सशर्तबाट रु १० लाख र गापा समानिकरणबाट रु १२ लाख २४ हजार रु. २२ लाख २४ हजारका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>· तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २१ | | | **खरिद कारवाही अभिलेख:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त | |

<table>
<tr><td></td><td></td><td></td><td>सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पुर्व निर्धारित क्षेतिपुर्ति सम्बन्धमाः<br><br>सार्वजनिक खरीद नियमावलीको नियम १२१(क)मा आपुर्तिकर्ता सेवा प्रदायक वा निर्माण व्यबसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौता तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजानीक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारण तथा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ ।पालिकाबाट खरिद भएका निम्न कार्यको सम्झौता मितिमा कार्यसम्पन्न नभएको तथा म्याद थपका लागि निवेदन दिएको र म्याद थप नभएको देखिएकोले नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति लगाउनुपर्ने देखिएको छ । नियमानुसारको पुर्वनिर्धारित क्षतिपुर्ति लगाउनु नपर्ने कुनै कारण भए पेश गर्ने अन्यथा नियमानुसार हुने पुर्वनिर्धारित क्षतिपर्ति रकम अशुल गर्नुपर्ने रु
<table>
<tr><td>गो.भौ.नः मिति</td><td>काम</td><td>भुक्तानी पार्टी</td><td>सम्झौता रकम/भुक्तानी रकम</td><td>सम्पन्न गर्नुपर्ने काम</td><td>सम्पन्न भएको काम</td><td>क्षेतिपुर्ति रकम</td></tr>
<tr><td>७।०७८।६।२२</td><td>ट्रस बृज निर्माण</td><td>रिजवान इन्जिनियरिङ</td><td>८४६०६९</td><td>२०७७।१२।२२</td><td>२०७८।४।१५</td><td>४८६४९</td></tr>
</table></td><td>१०२,९७५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ठेक्का नः१।०७७।०७८</td><td>उद्योग नेपालगंन्ज</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९।०७८।६।२२</td><td>ट्रस बृज निर्माण ठेक्का नः२।०७७।०७८</td><td>रिजवान इन्जिनियरिङ उद्योग नेपालगंन्ज</td><td>९४४७९१.९०</td><td>०७७।१२।२२</td><td>२०७८।४।१५</td><td>५४३२६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पेश्की फर्स्योट बारेः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ५०(२)मा खरिद सम्झौता अनुसार दिएको पेश्की काम पुरा हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहने भएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि बार्षिक १०(दश) प्रतिशतको दरले हुन आउने ब्याज र साँवा एकमुष्ट बुझाउनु पर्ने कुरा सम्झौताको शर्तमा उल्लेख गर्नुपर्ने भन्ने छ ।त्यस्तै नियम ५१ (१)मा त्यस नियमावलिमा तोकिएको म्याद भित्र पेश्की फर्स्योटको लागी आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकम म्याद नाघेको मितिले बार्षिक १० प्रतिशतको दरले ब्याज समेत लगाई अशुल गरिनेछ भन्ने छ । पालिकाको आ.ब.०७६।०७७ को ठेक्का न १ इन्द्रधनुष आ.वि. भवन निर्माणका लागि निर्माण व्यबसायी लक्ष्मी पुजा निर्माण सेवा दुनै २ लाइ मिति २०७६ चैत्रमा दिएको पेश्की उक्त कार्यको शुरुको कार्य सम्पन्न गर्ने मिति २०७७ जेठ सम्म फर्स्योट गरेको पाइएन । पछि उक्त कार्यको म्याद मिति २०७७।३।३१ को निर्णयले २०७८ असोज सम्म थपिएकोमा मिति २०७८।३।२४ मा विल भुक्तानीका लागी टिप्पणी स्वीकृत भएको छ । उक्त कार्यको गो.भौ.नः २।०७८।६।२२ मा भुक्तानी खर्च लेखेकोमा पेश्की रकम रु ६६८००० फर्स्योट गरेको पाइएन भने उक्त पेश्कीको जमानत मिति २०७७।५।२३ सम्म रहेका थप जमानत पेश नभएको तथा जमानत जफत गरेको पाइएन । सो पेश्की प्रमुख प्रशासकिय अधिकृत गौतम पंगेनीले मिति २०७८।७।८ मा पालिकाको खातामा जम्मा गरेको बैंक स्टेटमेन्टबाट देखिए पनी पेश्की फर्स्योटको गोश्वारा भौचर उठाएको पाइएन । यसरी नियममा भएको ब्यबस्थाको पालना नगरेको हुदा शुरु कार्यसमपन्न गर्ने मिति २०७७ जेठ पछि पेश्की जम्मा गरेको मिति २०७८।७।८ सम्म रु ६६८००० को नियमअनुसार लाग्ने ब्याज १६ महिनाको रु ८९०६७ अशुल गर्नुपर्ने रु आर्थिक</td><td>८९,०६७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ५०(२)मा खरिद सम्झौता अनुसार दिएको पेश्की काम पुरा हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहने भएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि बार्षिक १०(दश) प्रतिशतको दरले हुन आउने ब्याज र साँवा एकमुष्ट बुझाउनु पर्ने कुरा सम्झौताको शर्तमा उल्लेख गर्नुपर्ने भन्ने छ ।त्यस्तै नियम ५१ (१)मा त्यस नियमावलिमा तोकिएको म्याद भित्र पेश्की फर्स्योटको लागी आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकम म्याद नाघेको मितिले बार्षिक १० प्रतिशतको दरले ब्याज समेत लगाई अशुल गरिनेछ भन्ने छ । पालिकाको आ.ब.०७६।०७७ को ठेक्का न १ इन्द्रधनुष आ.वि. भवन निर्माणका लागि निर्माण व्यबसायी लक्ष्मी पुजा निर्माण सेवा दुनै २ लाइ मिति २०७६ चैत्रमा दिएको पेश्की उक्त कार्यको शुरुको कार्य सम्पन्न गर्ने मिति २०७७ जेठ सम्म फर्स्योट गरेको पाइएन । पछि उक्त कार्यको म्याद मिति २०७७।३।३१ को निर्णयले २०७८ असोज सम्म थपिएकोमा मिति २०७८।३।२४ मा विल भुक्तानीका लागी टिप्पणी स्वीकृत भएको छ । उक्त कार्यको गो.भौ.नः २।०७८।६।२२ मा भुक्तानी खर्च लेखेकोमा पेश्की रकम रु ६६८००० फर्स्योट गरेको पाइएन भने उक्त पेश्कीको जमानत मिति २०७७।५।२३ सम्म रहेका थप जमानत पेश नभएको तथा जमानत जफत गरेको पाइएन । सो पेश्की प्रमुख प्रशासकिय अधिकृत गौतम पंगेनीले मिति २०७८।७।८ मा पालिकाको खातामा जम्मा गरेको बैंक स्टेटमेन्टबाट देखिए पनी पेश्की फर्स्योटको गोश्वारा भौचर उठाएको पाइएन । यसरी नियममा भएको ब्यबस्थाको पालना नगरेको हुदा शुरु कार्यसमपन्न गर्ने मिति २०७७ जेठ पछि पेश्की जम्मा गरेको मिति २०७८।७।८ सम्म रु ६६८००० को नियमअनुसार लाग्ने ब्याज १६ महिनाको रु ८९०६७ अशुल गर्नुपर्ने रु | |
| २४ | | | **रितपूर्बकको कर बिजक तथा प्रतिलिपि बिलः**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br><br>**गोभौनं./मिति** \| **भुक्तानी पाउनेको नाम** \| **प्यान नं.** \| **विजकको अवस्था** \| **भुक्तानी रकम** \| **मुअकर कर रकम** | २६४,७५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| सशर्त चालुको ४५।२०७९।३।२५ | मोर्डन एग्रो टेक्नोलोजी | ३०२६२०४११ | फोटोकपी विल | ११०५०० | … |
| ४७।२०७९।३।२५ | देव आयरन एण्ड उड फर्निचर इण्डष्ट्रिज | ३०३९०४२१६ | फोटोकपी विल<br>विल नं १२९ | ९७५०० | ११२१७ |
| ४७।२०७९।३।२५ | देव आयरन एण्ड उड फर्निचर इण्डष्ट्रिज | ३०३९०४२१६ | फोटोकपी विल<br>विल नं १२८ | ९७५०० | ११२१७ |
| सशर्त पूँजीगतको २५।२०७९।३।२३ | जुनकिरी इण्डष्ट्रिज प्रा लि | ३०००९००२४ | फोटोकपी विल | १६४१४५८ | १८८८४० |
| ३३।२०७९।३।२४ | समिर एण्ड सम्राट अर्डर सप्लायर्स | ६०१५४८७७४ | फोटोकपी विल | ३९३२४ | ४५२४ |
| ३३।२०७९।३।२४ | गणेश ढुवानी सेवा | ६१११०८०४३ | फोटोकपी विल | २६५५५० | ३०५५० |
| गापा पूँजीगतको ७९।२०७९।३।२४ | अमून ट्रेड्र्स | ६१५३६१७४९ | फोटोकपी विल | १६०००० | १८४०७ |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **लागत सहभागिताः**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २६ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| २७ | | | **सामाजिक सुरक्षा तर्फः** | |
| २७.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed)विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २७.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगरी हातहातै ३ वटै चौमासिकमा रु. १०८५३८७६ रकम वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । | |
| २८ | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| २९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ३० | | | **गत बर्षको दायित्व -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १३२१०४५४/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो । गत विगत वर्षको जिम्मेवारी रु ११३५०४७२३।१४ सारेवाट वजेट नपुग भएको देखिएन । सम्झौता बमोजिम समयमा काम नभएको यो योजनाको लागि यस प्रकारको व्यवस्था गरेको होइन भनी आश्वस्त हुन सकिएन ।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| ३१ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ | |

<table>
<tr><td></td><td></td><td></td><td>।
<table>
<tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४२४७००००</td><td>३११६८०००</td><td>७३%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१४२६४८०००</td><td>६२०११०००</td><td>४४%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>९५५४४०००</td><td>६५६४५०००</td><td>६९%</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>५६८४०००</td><td>३०७१०००</td><td>५४%</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६७०१००००</td><td>५६८६३०००</td><td>८४%</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक मा सबैभन्दा बढी ८४ प्रतिशत र पुर्वाधार विकास मा सबै भन्दा घटीमा ४४ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

रु हजारमा

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | | **३२९०००** | **१७८७१** | **५०३१४** | |
| | पूँजिगत खर्चतर्फ | | **१०७६३** | **२७२११३** | **७९६९४** | |
| | जम्मा | | **३३९७३** | **४५०८४** | **१३०००८** | |
| | प्रतिशत | | **१६** | २७ | ५७ | |

उपरोक्त खर्च मध्ये आषाढ महिनाको खर्च रु. ९ करोड ४५ लाख ३५ हजार रहेको छ ।

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. ३० करोड ३६ लाख निकासा भएकोमा प्रथम चौमासिकमा रु. ३ करोड ३९ लाख ७३ हजार अर्थात १६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ४ करोड ५० लाख ८४ हजार अर्थात २७ प्रतिशत र तेश्रो चौमासिकमा रु. १३ करोड ८ हजार अर्थात ५७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ९ करोड ४५ लाख ३५ हजार अर्थात ७२।७१ प्रतिशत खर्च देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

३३

**कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन

| | | | | |
|---|---|---|---|---|
| | | | सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट १७ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ ऐन, ४ नियमावली ७ कार्यविधि लगायत १७ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४५ कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ । | |
| ३४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको , | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन ,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br><br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **अनुदान फिर्ता**<br><br>*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.२९८३२६३७।१० सम्परीक्षण गरिएको ।)* | ० |
| ३७ | | | **वित्तिय विवरण:**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक | |

| | | | | |
|---|---|---|---|---|
| | | | गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३८ | | | **चौमासिक प्रगति विवरणः**<br><br>आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको छैन । प्रगति विवरण तयार गरी लक्ष्य बमोजिम कार्य नभएकोमा समिक्षा गरी सुधार गर्नुपर्दछ । | |
| ३९ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म १५ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचार दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ४० | | | **कर्मचारी करार** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११ जना कर्मचारीहरु करारमा राखि रु. २६००००० खर्च लेखेको छ । पालिकाले O&M गरी कामको | |

| | | | | |
|---|---|---|---|---|
| | | | विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ । कृषि तर्फका कर्मचारी करारमा राखेको छ । | |
| ४१ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ५००००० खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| ४२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ४३ | | | **बैक हिसाब मिलान नगरेको**<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार | |

<table>
<tr><td></td><td></td><td></td><td>फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी</td></tr>
<tr><td></td><td>सञ्चित कोष</td><td>८०३१९७४२।६३</td><td>८२५७१५७८।०६</td></tr>
<tr><td></td><td>चालु खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>पूँजीगत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>मर्मत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>कल्याण कोष खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>प्रकोप व्य कोष खाता</td><td>0</td><td>0</td></tr>
</table>
नोट श्रेस्ता र बैक अनुसार फरक रकम रु २२५१८३५।४३ मा चालु चेक नसाटिएको रकम रु ३१३३१९।४३ र पुजिगत चेक साट्न बाँकी रकम रु १९३८५१६।००</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.११४३६१९७७।४५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ११५४३३०७१.४५ जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा यकिन गर्दा गत वर्षको भन्दा रु १०७१०९४.०० बढी जिम्मेवारी सारेको रकम पालिकाले यकिन गर्नुपर्दछ। | |
| ४५ | | | **आयभन्दा व्यय घटीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थामा रहेको छ । पालिकाले पेश गरेको आय व्ययमा आय रु ३८३७३६१११ र व्यय ३८३४००२५६ भएकोमा आम्दानी भन्दा खर्च रु ३३५८५५ घटी राखि हिसाब मिलान गरी विवरण पेश गरेको छ । पालिकाले उक्त रकमको सम्बन्धमा आवश्यक प्रमाण पेश गर्नुपर्ने रु | ३३५,८५५ |
| ४६ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मलम टसी गुरुङ्गले मिति २०७८।०३।१० गते रु ३२ करोड ६० लाख २ हजार ८२० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०५।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ४७ | | | बेरुजू लगत तथा सम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको | |

| | | | | |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणको क्रममा सम्परीक्षण लागि नभई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |